फोन नं. ०५३□५५००१७
फ्याक्स नं. ०५३□५५१२१७
वेबसाईट: https://bara.akc.gov.n
ईमेल dado.bara@yahoo.com

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

कलैया, बारा

**प्रथम पटक प्रकाशन मिति:- २०८२।१०।१४ गते**

यस कार्यालयको चालू आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५%अनुदान) को प्राविधिक मापदण्ड तथा संचालन विधि २०८२ बमोजिम यस बारा जिल्लाका कृषक/कृषि समूह/कृषि सहकारी/संस्था/निजी कृषि फर्म तथा कृषि उद्यमीहरुलाई प्राङ्गारिक मल सहयोगको लागी आवेदन पेश गर्न यो सुचना प्रकाशित गरीएको छ । ईच्छुक आवेदकहरुले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात मिति २०८२।१०।२८ गते सम्म देहायका कागजातहरु संलग्न गरी तोकिएको ढाँचामा निवेदन सहित आवेदन दर्ता गर्नु हुन अनुरोध गरीन्छ । साथै म्याद नाघेका वा अपूर्ण विवरणयूक्त आवेदनहरु छनौट प्रकियामा समावेश गरिने छैन ।

## आवश्यक कागजातहरु

१. कृषि ज्ञान केन्द्र, बाराले तोकेको ढाँचामा निवेदन ।

२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।

३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

४. समूह/संस्थाको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र वा कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त अद्यावधिक प्रमाणपत्रको प्रतिलिपी ।

५. समूह/संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिबृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपी अघिल्लो बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

६. समूह/संस्थाको हकमा निर्णयको प्रमाणित प्रतिलिपि ।

७. अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साईजको फोटो १ प्रति ।

बाली संरक्षण अधिकृत